# Press Note

मितिः २०७५।९।१५ गते

लघुवित्त क्षेत्रमा देखा परेको सदस्यहरूको दोहोरोपना र भाखा नाघेको कर्जाको अवस्थालाई ब्यवस्थित गर्ने उद्देश्यले डिप्रोक्स लघुवित्त वित्तयि संस्थाले मिति २०७५ मंसिर २७ देखि पुष १४ गतेसम्म देशका बिभिन्न स्थानहरूमा **लघुवित्त कर्जा विश्लेषण तथा जोखिम ब्यवस्थापन (Credit Appraisal & Default Management)** विषयमा तीनवटा छुट्टाछुट्टै कार्यक्रमहरूको आयोजना गरी ती विषयहरूमा संस्थाका ९५ शाखाका शाखा प्रमुखहरू लगायत केहि प्रदेश प्रमुखहरूको क्षमता अभिबृद्धि गराउने कार्य सम्पन्न गरियो । तीन चरणमा बिभाजित उक्त तीन दिने कार्यक्रमहरूको प्रमुख प्रशिक्षकहरूको रूपमा लघुवित्त क्षेत्रका ज्ञाताहरू श्री घुरन ठाकुर, श्री गोबिन्द लाल कर्ण, श्री मेघराज गजुरेल र श्री उदयराज खतिवडा हुनुहुन्थ्यो भने कार्यक्रमलाई ब्यवस्थित बनाउन संस्थाका बिभागीय प्रमुखहरू श्री बुद्धिराज घिमिरे, श्री पवन पाठक, प्रदेश प्रमुखहरू र शाखा प्रबन्धकहरूले समेत सहयोग गर्नु भएको थियो ।

कार्यक्रमको सान्दर्भिकता र प्रभावकारिताको वारेमा सहभागिको तर्फबाट शाखा प्रमुखहरू श्री पुस्कर नेपाल, सुश्री सुमित्रा गुरूङ्ग, सुश्री कृष्णमाई गौतम, श्री संजयलाल कर्ण र श्री निर्मल दाहालले आ-आफनो तर्फबाट धारणा राख्दै तालिम निकै समसामयीक र महत्वपुर्ण भएको र यसले वर्तमान समयमा लघुवित्त क्षेत्रमा देखापरेको सदस्य दोहोरोपना र जोखिम कर्जाको अवस्थालाई निकै हदसम्म सुधार्न सहयोग पु-याउने बिचार ब्यक्त गर्नु भयो । कार्यक्रमलाई सम्बोधन गर्दै संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री अमराज खडकाले वर्तमान अवस्थामा लघुवित्त कार्यक्रम संचालनमा देखा परेका आम चुनौतिहरू र तीनले सिंगो लघुवित्त क्षेत्र लगायत डिप्रोक्सलाई पार्न सक्ने प्रभावको वारेमा प्रकाश पार्दै सहभागिहरूलाई तीनको समाधानको लागि तयारी अवस्थामा रहन समयानुकुल कर्मचारीहरूको क्षमतामा बिकास गर्न आवश्यक भएकोले यी कार्यक्रमहरू आयोजना गरिएको र कर्मचारीहरूबाट कार्यक्रम प्रतिको मोह बनाईराख्न आवश्यक कार्यक्रम बनाई कर्मचारी बृति बिकासका लागि ठोस कार्यहरू गर्न संस्था तल्लिन रहेको धारणा ब्यक्त गर्नु भयो ।





